# विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१

**प्रस्तावना**: सामाजिक सुरक्षा कार्यक्रम तथा प्रणालीको समुचित परिचालन गर्दै विपद् प्रतिकार्य, राहत वितरण, शीघ्र पुनर्लाभ र विपद् प्रभावितको जीविकोपार्जनको पुनर्स्थापनाका लागि दिइने सबै प्रकारका राहत तथा सहायतामा आर्थिक रूपले विपन्न तथा सङ्कटासन्न व्यक्ति र परिवारको पहुँच सुनिश्चित गर्दै एकीकृत प्रणालीमार्फत छिटो, छरितो, व्यवस्थित तथा प्रभावकारी रूपमा राहत उपलब्ध गराउन वाञ्छनीय भएकोले,

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३९ को उपदफा (१) बमोजिम नेपाल सरकारले यो मापदण्ड बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकारबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "आर्थिक रूपले विपन्न" भन्नाले दफा १२ को उपदफा (१) बमोजिम पहिचान भएको आर्थिक रूपले विपन्न घरपरिवार सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ।

(ग) "घरपरिवार" भन्नाले एकासगोलमा बसोबास गर्ने तथा सगोलको आम्दानी खर्चमा चल्ने एक वा एक भन्दा बढी व्यक्तिहरुको समूहको परिवार सम्झनु पर्छ।

(घ) "जोखिम पूर्वानुमान र प्रभावमा आधारित नगद सहायता" भन्नाले विपद् पूर्व सूचना प्रणालीका आधारमा आर्थिक रूपले विपन्न घरपरिवार तथा सङ्कटासन्न व्यक्तिको घरपरिवारलाई जोखिम न्यूनीकरणसम्बन्धी पूर्वतयारीका उपाय अवलम्बन गरी विपद्को सम्भावित असर न्यूनीकरणका लागि दिइने सहायता सम्झनु पर्छ।

(ङ) "न्यूनतम खर्च टोकरी" भन्नाले दफा ५ को उपदफा (३) बमोजिम निर्धारित प्रत्येक घरपरिवारको न्यूनतम आवश्यकता पूर्ति गर्न आवश्यक पर्ने खाद्य तथा गैर खाद्य सामग्रीको समष्टिगत मूल्य सम्झनु पर्छ।

(च) "प्राधिकरण" भन्नाले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ।

(छ) "राहत" भन्नाले यस मापदण्डबमोजिम विपद् प्रभावितलाई प्रदान गरिने नगद तथा वस्तुगत सहायता सम्झनु पर्छ।

(ज) "वस्तुगत सहायता" भन्नाले यस मापदण्डबमोजिम राहतका रूपमा दैनिक जीवनयापनको लागि आवश्यक खाद्य सामग्री, लत्ताकपडा,

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

स्वास्थ्य सामग्री, खानेपानी तथा सरसफाइ सामग्री, भाँडाकुँडा र इन्धनलगायतका गैरखाद्य सामग्री उपलब्ध गराइ गरिने सहायता सम्झनु पर्छ।

(झ) "विपद् संवेदनशील सामाजिक सुरक्षा" भन्नाले विपद् जोखिम न्यूनीकरण, प्रतिकार्य, राहत वितरण, शीघ्र पुनर्लाभ र विपद् प्रभावितको जीविकोपार्जनको पुनर्स्थापना जस्ता विपद् व्यवस्थापनका विभिन्न चरणमा परिचालन गरिने सामाजिक सुरक्षा कार्यक्रम सम्झनु पर्छ।

(ञ) "विपद्को सूचना प्रणाली" भन्नाले प्राधिकरणले तोकेको सूचना प्रणाली सम्झनु पर्छ।

(ट) "लाभग्राही" भन्नाले दफा १६ बमोजिम प्रमाणीकरण भएका घरपरिवार सम्झनु पर्छ।

(ठ) "स्थानीय तह" भन्नाले गाउँ पालिका वा नगरपालिका सम्झनु पर्छ।

(ठ) "सङ्कटासन्न व्यक्ति" भन्नाले विपद्को सामना गर्न नसक्ने अवस्थामा रहेका बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, एकल महिला, सुत्केरी, गर्भवती, भूमिहीन, दलित, दीर्घरोगी, लोपोन्मुख जाति, यौनिक अल्पसङ्ख्यक वर्ग वा समुदायका व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>खोज, उद्धार तथा राहत वितरण</u>

३. **<u>खोज, उद्धार तथा राहत वितरण</u>:** (१) प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले खोज, उद्धार तथा राहत सामग्रीको पर्याप्त भण्डारण र लगत अद्यावधिक गर्नु पर्नेछ र आवश्यक परेको क्षेत्रमा त्यस्तो सामग्री तत्काल पुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ।

(२) जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले विपद्को समयमा विस्थापित वा जोखिममा रही तत्काल स्थानान्तरण गर्नुपर्ने परिवारलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम शिविर सञ्चालन गर्दा सम्भव भएसम्म विद्यालय, स्वास्थ्य केन्द्र बाहेक सामुदायिक भवन वा अन्य खुला क्षेत्र प्रयोग गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम शिविर सञ्चालन गर्नु पर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितिले सोको जानकारी प्राधिकरणलाई दिनु पर्नेछ।

४. **<u>राहत वितरणको क्षेत्र</u>:** (१) यस मापदण्डबमोजिम राहत उपलब्ध गराउने प्रयोजनको लागि देहायका विपद्लाई समेटिनेछः-

(क) प्राकृतिक विपद् वा प्राकृतिक विपद्को कारण भएका हवाई, सडक तथा डुङ्गा दुर्घटना;

(ख) आगलागी, कीट वा सुक्ष्म जिवाणु आताङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्याण्डामिक फ्लु;

(ग) खण्ड (क) वा (ख) मा उल्लिखित बाहेक गैर प्राकृतिक विपद्मध्ये नेपाल सरकारले राहत उपलब्ध गराउने भनी गरेको निर्णय।

(२) खण्ड (ख) र (ग) बमोजिमको विपद्बाट भएको क्षतिको प्रारम्भिक अनुमान र लेखाजोखा गरी सम्बन्धित निकायले प्राधिकरण र आफ्नो तालुक निकायमा जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको लेखाजोखापश्चात् नेपाल सरकारले विपद्को असर आकलन गरी विपद् प्रभावित घरपरिवारलाई सहायता प्रदान गर्ने निर्णय गरेमा सो सहायता यस मापदण्ड बमोजिम प्रदान गरिनेछ।

५. <u>**तत्काल राहत परिचालन र व्यवस्थापनः**</u> (१) विपद् जोखिमको पूर्वानुमान गर्ने सम्बन्धित निकायबाट प्रभावमा आधारित पूर्व सूचना वा पूर्वानुमान वा विशेष बुलेटिन जारी भएपश्चात् प्राधिकरणद्वारा स्थापित सूचना विश्लेषण गर्ने विधि तथा प्रणालीबमोजिम त्यसबाट प्रभावित हुनसक्ने क्षेत्र र घरपरिवारको नक्साङ्कन तथा मूल्याङ्कन गरी प्राधिकरणले उच्च जोखिमको सम्भावनाको पूर्व चेतावनी (एडभाईजरी) जारी गर्नु पर्नेछ र जोखिम पूर्वानुमान तथा प्रभावमा आधारित नगद सहायता परिचालन गर्नु पर्ने अवस्था देखिएमा कार्यकारी समितिको निर्णयबाट प्राधिकरणले सोको सूचना जारी गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनाका आधारमा विपद्बाट उच्च प्रभावित हुन सक्ने परिवारको सुरक्षाका लागि स्थानीय विपद् व्यवस्थापन समितिले सुरक्षित स्थानमा अस्थायी रूपमा स्थानान्तरण गरी आवश्यकतानुसार शिविरसमेत सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम शिविरमा स्थानान्तरण भएका सङ्कटासन्न व्यक्ति रहेको घरपरिवार र जोखिममा परेका आर्थिक रूपमा विपन्न घरपरिवारलाई जीउ धनको रक्षा तथा जीविकोपार्जनको संरक्षणको लागि अन्य स्रोतबाट खाद्य तथा गैरखाद्य सामग्री उपलब्ध भएमा सोहीबमोजिम र सो नभएमा अनुसूची-१ बमोजिम निर्धारित न्यूनतम खर्च टोकरीमा बढीमा पाँच दिनसम्मको नगद सहायता रकम स्थानीय विपद् व्यवस्थापन समितिले उपलब्ध गराउन सक्नेछ।

(४) पहिरोको सम्भावित जोखिम देखिइ कुनै घरपरिवारलाई तत्काल स्थानान्तरण गर्नु पर्ने भएमा स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार प्रभावित परिवारलाई उपदफा (३) बमोजिमको सहायता प्रदान गर्न सकिनेछ।

(५) सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिले विपद्बाट भएको क्षति सम्बन्धमा अनुसूची-२ बमोजिम प्रारम्भिक द्रुत लेखाजोखा गरी क्षतिको प्रारम्भिक जानकारीसहित आवश्यक सहायता परिचालनको निर्णय गरी जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ। यसरी सिफारिस प्राप्त भएमा जिल्ला विपद् व्यवस्थापन समितिले सो निर्णयको अनुमोदन गरी प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र प्राधिकरणलाई जानकारी गराउनु पर्नेछ।

तर त्यसरी निर्णय गर्दा समय लाग्ने भएमा स्थानीय विपद् व्यवस्थापन समितिले प्रमुख जिल्ला अधिकारीसँगको समन्वयमा तत्काल अनुदान रकम प्रदान गरी जिल्ला विपद् व्यवस्थापन समितिबाट अनुमोदन गर्न बाधा पर्ने छैन।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(६) उपदफा (५) बमोजिमका विपद्बाट प्रभावित घरपरिवारलाई प्राथमिकताका आधारमा आश्रय, खानेकुरा, स्वास्थ्य सामग्री, खानेपानी तथा सरसफाइ सामग्री, लत्ता कपडा र इन्धन लगायतका सामग्रीका लागि नगद उपलब्ध गराइनेछ।

तर विपद्का कारण नजिकको बजारसम्मको पहुँच हुन नसक्ने अवस्थामा सम्बन्धित विषयगत निकायको समन्वय र सहकार्यमा देहायबमोजिमको प्रक्रिया पूरा गरी स्थानीय विपद् व्यवस्थापन समितिले निर्णय गरी नगद रकम बराबरको वस्तुगत सहायता दिन सक्नेछः-

(क) खाद्य तथा गैरखाद्य सामग्रीको सूची स्थानीय तहले निर्धारण गर्ने,

(ख) बजार सम्मको पहुँचको अवस्था रहे नरहेको सम्बन्धमा स्थानीय तहले निर्णय गर्ने,

(ग) वस्तुगत सहायता वितरण सम्बन्धी निर्णयको जानकारी जिल्ला विपद् व्यवस्थापन समिति र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिलाई गराउनु पर्ने,

(घ) सङ्घ वा प्रदेशबाट उपलब्ध रकम प्रयोग भएको अवस्थामा समेत सामग्री खरिद, भण्डारण, वितरण र नियन्त्रणको व्यवस्थापन स्थानीय तहले गर्ने।

(७) उपदफा (६) बमोजिमको सहायता स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयपश्चात् तत्काल उपलब्ध गराउनु पर्नेछ।

(८) उपदफा (६) बमोजिमको सहायताको परिमाण अनुसूची-१ बमोजिमको न्यूनतम खर्च टोकरीमा निर्धारित पन्ध्र दिन बराबरको रकम हुनेछ।

(९) विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएमा स्थानीय तहमार्फत देहायबमोजिमको राहत रकम उपलब्ध गराउनु पर्नेछः-

(क) कुनै परिवारमा एक जनाको मृत्यु भएमा दुई लाख रुपियाँ,

(ख) एकै परिवारमा एक भन्दा बढी व्यक्तिको मृत्यु भएमा खण्ड (क) बमोजिमको रकमको अतिरिक्त प्रतिव्यक्ति थप एक लाख रुपियाँका दरले।

(१०) उपदफा (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकाघरका परिवारका सबै सदस्यको मृत्यु भएमा सो उपदफाबमोजिमको राहत रकम प्रदान गरिने छैन।

तर मृतकको काजकिरिया गर्ने व्यक्तिलाई किरिया खर्चबापत पचास हजार रुपियाँ उपलब्ध गराइने छ।

(११) उपदफा (९) र (१०) बमोजिमको रकम भुक्तानी गरी जिल्ला विपद् व्यवस्थापन समितिसँग सोधभर्ना लिनु पर्नेछ।

(१२) विपद्को घटनामा परी घाइते भएका व्यक्तिलाई सरकारी अस्पतालमा उपचार गराउँदा लागेको खर्च र त्यस्ता व्यक्तिलाई अस्पतालबाट घर जान यातायात खर्चको लागि प्रति व्यक्ति एक हजार रुपियाँका दरले नगद रकम उपलब्ध गराइनेछ।

नेपाल सरकार, मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं

(१३) विद्यालय जाने उमेर समूहका बालबालिकाको पाठ्यपुस्तक, विद्यालय पोशाक लगायत अन्य शैक्षिक सामग्री विपद्को कारणले नष्ट भई तत्काल व्यवस्था गर्नु पर्ने भएमा स्थानीय तहले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

६. **<u>शीघ्र पुनर्लाभ राहत परिचालन:</u>** विपद्‌बाट प्रभावित घर परिवारलाई शीघ्र पुनर्लाभ राहत देहायको अवस्थामा परिचालन गरिनेछ:-

(क) विस्तृत क्षति तथा आवश्यकताको लेखाजोखाबाट पहिचान भएका लक्षित घरपरिवारलाई अस्थायी आवास लगायत खाद्य सुरक्षासम्बन्धी न्यूनतम व्यवस्थाका लागि यस मापदण्डबमोजिम दोहोरो नपर्ने गरी नगद सहायता उपलब्ध गराइने,

(ख) खण्ड (क) बमोजिमको नगद सहायता घरपरिवार क्षति तथा आवश्यकताको लेखाजोखा सम्पन्न भएको तिस दिनभित्र उपलब्ध गराइने,

(ग) विपद्को कारण पूर्ण रूपमा घर नष्ट भएको घरपरिवार वा सम्भावित खतराबाट जोगिन अन्यत्र सार्नु पर्ने घर परिवारको हकमा भने तत्काल अस्थायी आवास निर्माणको लागि प्रति परिवारका लागि विपदबाट प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ बमोजिम दुई किस्तामा पचास हजार रुपियाँ दिइने।

तर अन्य निकाय वा संस्थाबाट यस्तो सहायता उपलब्ध भएमा उल्लिखित रकम दिइने छैन।

७. **<u>निजी आवास प्रवलीकरण, पुनर्निमाण तथा पुनर्स्थापनाका लागि अनुदान दिइने:</u>** (१) विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुनर्निमाण तथा पुनर्स्थापनाका लागि राहत स्वरूप देहायबमोजिमको अनुदान दिइनेछ:-

(क) विपद्जन्य घटनामा क्षति भएका निजी आवास प्रवलीकरणका लागि एक लाख रुपियाँसम्म,

(ख) निजी आवास पुन:निर्माण र पुनर्स्थापनाको लागि हिमाली क्षेत्रका जिल्लामा पाँच लाख रुपियाँ, काठमाडौं उपत्यकासहित पहाडी क्षेत्रका जिल्लामा चार लाख रुपियाँ र तराई तथा भित्री मधेश क्षेत्रका जिल्लामा तीन लाख रुपियाँ,

(२) उपदफा (१) बमोजिम अनुदान दिने विधि र प्रक्रिया विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ तथा कार्यकारी समितिबाट स्वीकृत कार्यविधिबमोजिम हुनेछ।

८. **<u>जीविकोपार्जन पुनर्लाभ सहायता परिचालन:</u>** जीविकोपार्जन पुनर्लाभ सहायता देहायको अवस्थामा परिचालन गरिनेछ:-

(क) विपद्‌बाट जीविकोपार्जनका अवसर गुमाएका लाभग्राही परिवारका लागि थप सहायताको आवश्यकता रहेको भनी दफा १३ को उपदफा (१) बमोजिमको विस्तृत क्षति तथा आवश्यकताको लेखाजोखाबाट पहिचान भएका परिवारलाई पुनर्लाभ तथा पुनर्स्थापना सहायता उपलब्ध गराइने,

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं

(ख) खण्ड (क) बमोजिमको सहायता प्राप्त घरपरिवारलाई विभिन्न निकायबाट सञ्चालित सिप विकास तालिम, सहुलियतपूर्ण कर्जा, उद्यम विकास जस्ता कार्यक्रममा समावेश हुनका लागि स्थानीय तहले सिफारिस गर्न सक्ने।

९. **थप वस्तुगत सहायता:** (१) दफा ५, ६, ७ र ८ बमोजिम विपद् प्रभावितलाई थप वस्तुगत सहायता अत्यावश्यक भएमा स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा जिल्ला विपद् व्यवस्थापन समितिले निर्णय गरेबमोजिम हुनेछ र सोका लागि स्थानीय विपद् व्यवस्थापन समितिले साझेदार संस्थासँग समन्वय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सहायता एक विपद्को हकमा एक परिवारलाई एक पटक मात्र दिइनेछ।

१०. **स्थानीय विपद् व्यस्थापन कोषमार्फत परिचालन गर्ने:** यस मापदण्ड बमोजिमका सबै प्रकारका सहायता स्थानीय विपद् व्यवस्थापन कोषमार्फत परिचालन गरिनेछ।

११. **साझेदार संस्थाबाट प्राप्त हुने मानवीय सहायता:** (१) यस परिच्छेदबमोजिमको सहायताको लागि स्थानीय तह, प्रदेश सरकार वा प्राधिकरणले साझेदार संस्थासँग समुचित समन्वय गरी स्रोत साधन परिचालन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्रोत साधन परिचालन भएको विवरण सम्बन्धित स्थानीय तहले विपद्को सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ र सो सूचना प्रणालीमा त्यस्तो विवरणको एकीकृत अभिलेख राखिनेछ।

(३) साझेदार संस्थाले विपद् प्रभावितलाई सहायता उपलब्ध गराउँदा यो मापदण्डअनुरूप उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-३

## लाभग्राहीको पहिचान र सहायता कार्यान्वयन प्रक्रिया

१२. **लक्षित लाभग्राहीको पहिचान:** (१) यस मापदण्डबमोजिम राहत उपलब्ध गराउने प्रयोजनका लागि आर्थिक रूपले विपन्न घरपरिवारको पहिचानका लागि गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ बमोजिम गरिब परिवारको रूपमा पहिचान भई परिचयपत्र प्राप्त घरपरिवारको सूचीलाई आधार मान्न सकिनेछ र त्यस्तो परिचयपत्र लागु नभइसकेको स्थानीय तहको हकमा प्रधानमन्त्री रोजगार कार्यक्रममा रहेको विवरण वा स्थानीय तहद्वारा सङ्कलित स्तरीकृत तथ्याङ्क प्रयोग गर्न सकिनेछ।

(२) यस मापदण्डबमोजिम राहत उपलब्ध गराउने प्रयोजनका लागि सङ्कटासन्न व्यक्ति पहिचानका लागि देहायको विवरण प्रयोग गर्न सकिनेछ:-

(क) ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति वा पाँच वर्ष मुनिका बालबालिका भएका दलित परिवार तथा लोपोन्मुख जातिको हकमा सामाजिक सुरक्षा भत्ताको लाभग्राही विवरण;

(ख) गर्भवती र सुत्केरीका हकमा स्वास्थ्य संस्थामा रहेको विवरण;

(ग) पाँच वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको अभिलेख।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(३) उपदफा (२) बमोजिम पहिचान भएका व्यक्तिको घरपरिवार पहिचान गरी सूची तयार गर्नु पर्नेछ।

(४) यस दफाबमोजिम विपन्न तथा सङ्कटासन्न व्यक्ति रहेको घरपरिवारको सूची तयार गर्दा प्रारम्भिक द्रुत लेखाजोखा र तत्काल राहत सहायता लाभग्राही दर्ता फारामको आधारमा गरिनेछ।

(५) शीघ्र पुनर्लाभ तथा जीविकोपार्जन पुनर्लाभ सहायता लाभग्राहीको पहिचानको लागि स्थानीय तहले अनुसूची-३ बमोजिमको विस्तृत क्षति तथा आवश्यकता लेखाजोखा गर्नु पर्नेछ।

(६) स्थानीय तहले लाभग्राही घरपरिवारको पहिचान वडागत रूपमा गर्नु पर्नेछ।

१३. <u>**विस्तृत क्षति तथा आवश्यकता लेखाजोखा:**</u> (१) स्थानीय तहले कुनै पनि विपद् पश्चात् स्थानीय विपद व्यवस्थापन समितिको निर्णयका आधारमा अनुसूची-३ बमोजिमको विस्तृत क्षति तथा आवश्यकता लेखाजोखा गर्नु, गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखाजोखा गर्दा विपद्को घटना भएको तिस दिनभित्र गरिसक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम लेखाजोखा गर्दा घरपरिवारको उपलब्ध विवरण समावेश गरी सर्वेक्षणका बखत रुजु गर्नु पर्नेछ।

(४) यस दफाबमोजिम गर्नु पर्ने लेखाजोखासम्बन्धी काम स्थानीय तहले स्थानीय सङ्घ संस्था वा करार सेवाबाट सम्पादन गराउन सक्नेछ र सो सम्बन्धमा आवश्यकतानुसार प्राधिकरणबाट प्राविधिक सहायता लिन सक्नेछ।

१४. <u>**लाभग्राही दर्ता प्रक्रिया:**</u> (१) तत्काल राहत सहायतासम्बन्धी लाभग्राही दर्ता प्रक्रिया देहायबमोजिम हुनेछः-

(क) सामाजिक सुरक्षा भत्ता प्रणाली, प्रधानमन्त्री रोजगार कार्यक्रम वा गरीब घरपरिवारको सूचीअन्तर्गत आर्थिक रूपमा विपन्न वा सङ्कटासन्न व्यक्ति रहेको भनी पहिचान भएका विपद् प्रभावित घरपरिवार तत्काल राहत सहयोगका लागि स्वतः सूचीकृत भएको मानिने,

तर यस्तो सूचीमा समावेश हुन नचाहने व्यक्तिले स्वेच्छाले राहत सहयोग नलिन सक्नेछन्।

(ख) खण्ड (क) बमोजिम सूचीकृत भएकालाई सम्बन्धित स्थानीय तहले सोको जानकारी दिने र निजको बैङ्क खाता रुजु गर्ने,

(ग) खण्ड (क) बमोजिम सूचीकृत नभएका विपद् प्रभावितको हकमा स्थानीय तहले अनुसूची-४ बमोजिमको ढाँचामा निवेदन लिइ वडा समितिको कार्यालय वा शिविरमार्फत सूचीकृत गर्नु पर्ने।

(२) शीघ्र पुनर्लाभ तथा जीविकोपार्जन पुनर्लाभ सहायतासम्बन्धी लाभग्राही दर्ता प्रक्रिया देहायबमोजिम हुनेछः-

(क) दफा १३ को उपदफा (१) बमोजिमको विस्तृत क्षति तथा आवश्यकता लेखाजोखा फारामबाट योग्य ठहरिएकाहरू शीघ्र पुनर्लाभ तथा जीविकोपार्जन पुनर्लाभ सहायताका लागि योग्य लाभग्राही हुने;

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ख) लाभग्राहीको नामावली नगद सहायताको हकमा सामाजिक सुरक्षा भत्ता प्रणालीमा प्रविष्टि गरिने, सो प्रणालीमा आबद्ध नहुँदासम्म स्थानीय तहले सो विवरणको छुट्टै अभिलेख राख्नु पर्ने र कामका लागि नगद कार्यक्रमको हकमा प्रधानमन्त्री रोजगार कार्यक्रमको सूचना प्रणालीमा प्रविष्टि गरिने;

(ग) स्थानीय तहले प्रत्येक प्रकारका सहायता लिने लाभग्राहीको बेग्लाबेग्लै र एकीकृत नामावली प्रकाशन गर्नुपर्ने।

१५. **लाभग्राही प्राथमिकीकरण:** (१) स्थानीय तहले विपद्को प्रकृति, असरको अनुपात र स्रोतको उपलब्धताको आधारमा लक्षित वर्गलाई प्राथमिकीकरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लाभग्राहीको प्राथमिकीकरण गर्दा अनुसूची-५ बमोजिम गरिनेछ।

(३) यस दफाबमोजिम प्राथमिकीकरण गरिएको सूचीलाई उपयुक्त माध्यमबाट लिखित रूपमा सार्वजनिक गर्नु पर्नेछ।

१६. **लाभग्राही प्रमाणीकरण:** (१) आर्थिक रूपले विपन्न तथा सङ्कटासन्न व्यक्तिको विवरण र क्षति तथा आवश्यकता लेखाजोखाबाट वडा कार्यालयले सङ्कलन गरेको तथ्याङ्कको दोहोरोपन हटाइ छुटेका लाभग्राही दर्ता गरी अन्तिम प्रमाणीकरणको कार्य स्थानीय विपद् व्यवस्थापन समितिले गर्नेछ।

(२) लाभग्राही प्रमाणीकरण देहायबमोजिमको अवधिभित्र गर्नु पर्नेछः-

(क) स्वतः सूचीकृत नभएका तत्काल राहत सहायताका लाभग्राहीको हकमा सात दिन भित्र,

(ख) शीघ्र पुनर्लाभि सहायता र जीविकोपार्जन पुनर्लाभि सहायता लाभग्राहीको हकमा घरपरिवार क्षति तथा आवश्यकता लेखाजोखा सम्पन्न भएको सात दिनभित्र।

(३) स्थानीय तहले सूचिकृत गरेको लाभग्राहीको विवरण विपद्को सूचना प्रणालीमा सम्बन्धित स्थानीय तहले राख्नु पर्नेछ।

(४) सङ्घीय सहायता आवश्यक पर्ने भएमा स्थानीय तहबाट आएको विवरण उपर जिल्ला विपद् व्यवस्थापन समितिले अध्ययन गरी अन्तिम निर्णय गर्नेछ।

१७. **सहायता वितरण र भुक्तानी:** (१) यस मापदण्डबमोजिम उपलब्ध गराइएको नगद सहायता लाभग्राहीको बैङ्क खातामा जम्मा गरिनेछ ।

तर सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका लाभग्राहीको हकमा निजको सोही खाता प्रयोग गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल राहत सहायता वितरणको हकमा विपद्का कारण बैङ्किङ्ग प्रणाली सुचारु हुन नसक्ने अवस्था भएमा वा कागजातलगायतका विशेष कारणले बैङ्किङ्ग प्रणालीमा नजोडिएका घरपरिवारलाई वा उपदफा (१) बमोजिम सामाजिक सुरक्षा भत्तामा आबद्ध गर्न नसकिएका लाभग्राहीको हकमा घुम्ती बैङ्किङ सेवामार्फत नगदै रकम वितरण गर्न सकिनेछ।

१८. **प्रतिवेदन पठाउनु पर्ने:** (१) स्थानीय तहले लाभग्राहीको सूची, लाभग्राहीलाई गरिएको नगद सहायता तथा वस्तुगत सहायतासम्बन्धी प्रगति प्रतिवेदन अनुसूची-६ बमोजिमको ढाँचामा तयार



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

गरी जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र प्राधिकरणलाई चौमासिक रूपमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन कार्यक्रम सम्बद्ध सूचना प्रणालीमा प्रविष्टि गरिनेछ र त्यस्ता सूचना प्रणालीलाई विपद्को सूचना प्रणालीमा जोडिनेछ।

१९. **गुनासो व्यवस्थापनः** (१) यस मापदण्ड बमोजिम विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराइएको सहायताको विषयमा कुनै गुनासो भएमा अनुसूची-७ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालय वा स्थानीय तहमार्फत स्थानीय विपद् व्यवस्थापन समितिसमक्ष गुनासो गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त गुनासो सम्बन्धित वडा कार्यालय तथा स्थानीय तहले सुनुवाइका लागि स्थानीय विपद् व्यवस्थापन समितिमा पेस गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त गुनासो उपर स्थानीय विपद् व्यवस्थापन समितिले आवश्यक छानबिन गरी सात दिनभित्र सुनुवाइ गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम स्थानीय विपद् व्यवस्थापन समितिबाट भएको सुनुवाइ उपर चित्त नबुझेमा सात दिनभित्र जिल्ला विपद् व्यवस्थापन समितिसमक्ष गुनासो पेस गर्न सकिनेछ र सो समितिले पन्ध्र दिनभित्र गुनासोको सुनुवाइ गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम पेस भएको गुनासो र सोको सुनुवाइसम्बन्धी विवरण स्थानीय विपद् व्यवस्थापन समितिले तोकेको व्यक्तिले सम्बन्धित कार्यक्रमको सूचना प्रणालीमा र विपद्को सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

२०. **सूचना, सञ्चार तथा सम्प्रेषणः** (१) बहुप्रकोपीय पूर्व चेतावनी सम्बन्धमा जारी भएका सूचना सम्बन्धित स्थानीय तहले तत्काल सम्प्रेषण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना स्थानीय तहले गरिब र जोखिम क्षेत्रमा रहेका सङ्कटासन्न व्यक्ति रहेको परिवारमा पुगेको सुनिश्चित गर्नु पर्नेछ।

(३) यस दफाबमोजिम सूचना सम्प्रेषण गर्दा साझेदार संस्थासँग सहकार्य र समन्वयमा आवश्यकतानुसार सुरक्षा निकाय तथा अन्य निकायको समेत सहयोग लिन सकिनेछ।

२१. **जनशक्ति व्यवस्थापनः** यस मापदण्डको कार्यान्वयनको लागि आवश्यक पर्ने सञ्चार, सूचना सङ्कलन र प्रविष्टी, विश्लेषण, सहायता वितरण, अनुगमन तथा प्रतिवेदनका लागि जनशक्ति व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ।

## परिच्छेद-४
## समन्वय समिति

२२. **समन्वय समितिः** (१) यो मापदण्ड कार्यान्वयनको लागि देहायबमोजिमको एक समन्वय समिति रहनेछः-

(क) सहसचिव, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण - अध्यक्ष
(ख) उपसचिव, अर्थ मन्त्रालय - सदस्य
(ग) उपसचिव, गृह मन्त्रालय - सदस्य
(घ) उपसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य
(ङ) उपसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम - सदस्य



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(च) उपसचिव, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग - सदस्य

(छ) उपसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य

(ज) उपसचिव, वन तथा वातावरण मन्त्रालय - सदस्य

(झ) उपसचिव, शहरी विकास मन्त्रालय - सदस्य

(ञ) उपसचिव, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य

(ट) उपसचिव, प्राधिकरण -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकतानुसार साझेदार संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

२३. **<u>समन्वय समितिको काम, कर्तव्य र अधिकार</u>:** दफा २२ बमोजिमको समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) यो मापदण्ड कार्यान्वय गर्ने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय र आवश्यक सहजीकरण गर्ने,

(ख) मानवीय सहायता गर्ने संस्थाहरूको समन्वयमा न्यूनतम खर्च टोकरीको समय सापेक्ष समीक्षा गरी प्राधिकरणमा सिफारिस गर्ने ।

## परिच्छेद-५

## निकायगत भूमिका

२४. **<u>गृह मन्त्रालयको भूमिका</u>:** यो मापदण्ड कार्यान्वयन गर्ने सम्बन्धमा गृह मन्त्रालयको भूमिका देहायबमोजिम हुनेछः-

(क) विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनमा प्राधिकरणलाई आवश्यक निर्देशन दिने,

(ख) विपद् संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमसम्बन्धी काममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारसँग समन्वय गर्ने तथा त्यस्ता साझेदारलाई परिचालन गर्ने।

२५. **<u>वन तथा वातावरण मन्त्रालयको भूमिका</u>:** वन तथा वातावरण मन्त्रालयले वन्यजन्तुबाट भएको मानवीय क्षतिका लागि प्रचलित कानूनबमोजिम प्रदान गरिएको विभिन्न राहतको विवरण विपद्को सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

२६. **<u>प्राधिकरणको भूमिका</u>:** यस मापदण्डमा अन्यत्र उल्लिखित भूमिकाको अतिरिक्त यस मापदण्डको कार्यान्वयन गर्ने सम्बन्धमा प्राधिकरणको भूमिका देहायबमोजिम हुनेछः-

(क) प्राकृतिक विपद्का घटनाको निरन्तर अनुगमन गरी सूचना सङ्कलन गर्ने,

(ख) गैर प्राकृतिक विपद्सम्बन्धी सूचना तथा विवरण स्थानीय तह र विषयगत मन्त्रालय तथा निकायहरूबाट सङ्कलन गर्ने,

(ग) जोखिम पूर्वानुमान तथा प्रभावमा आधारित नगद सहायता परिचालन गर्नुपर्ने अवस्थामा कार्यकारी समितिको निर्णयबमोजिम तथा विपद पश्चात्को चरणमा उपलब्ध गराउनु पर्ने तत्काल राहतलगायतका



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

सहायताका लागि प्रचलित मापदण्डबमोजिम हुने गरी सङ्कलित सूचना तथा विवरणको विश्लेषण र स्थानीय तहको सिफारिसको आधारमा विपद् प्रभावित घर परिवारलाई उपयुक्त सहायताको आकलन गरी बजेट निकासाको प्रवन्ध गर्ने,

(घ) स्थानीय तहबाट यस मापदण्डबमोजिम भएको खर्चको प्रतिवेदन प्राप्त गरी समष्टिगत विवरण तयार गर्ने,

(ङ) यस मापदण्डबमोजिम प्रदान गरिने सहायता कार्यान्वयनको लागि आवश्यक सूचना प्रणालीको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(च) प्रदेश तथा स्थानीय तहलाई आवश्यकतानुसार आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराउने,

(छ) यस मापदण्ड बमोजिम प्राप्त हुने सहायता कार्यान्वयनमा सघाउन सम्बन्धित पदाधिकारी तथा कर्मचारीलाई अभिमुखीकरण गर्ने,

(ज) साझेदार संस्थासँग आवश्यक समन्वय गर्ने, त्यस्तो संस्थाको काम कारबाहीमा सहजीकरण गर्ने र त्यस्ता संस्थाको काम कारबाहीको अनुगमन गर्ने।

२७. **राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको भूमिका:** यो मापदण्ड कार्यान्वयन गर्ने सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको भूमिका देहायवमोजिम हुनेछः-

(क) स्थानीय तहमा रहेका सामाजिक सुरक्षा भत्ता लाभग्राहीको तथ्याङ्क विवरण माग भएका आधारमा उपलब्ध गराउने,

(ख) विपद् सम्वेदनशील सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन र अनुगमनका लागि विद्यमान सामाजिक सुरक्षाको सूचना प्रणालीमा राहत मोड्युल समावेश गर्ने,

(ग) यस मापदण्डबमोजिम प्राप्त हुने सहायता कार्यान्वयनमा सघाउन सामाजिक सुरक्षा कार्यक्रमका कर्मचारीलाई अभिमुखीकरण गर्ने।

२८. **प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको भूमिका:** यस मापदण्डमा अन्यत्र उल्लिखित भूमिकाको अतिरिक्त यो मापदण्ड कार्यान्वयन गर्ने सम्बन्धमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको भूमिका देहाय बमिजिम हुनेछः-

(क) यस मापदण्डबमोजिमका कार्यक्रमको अनुगमन गर्ने,

(ख) यस मापदण्डबमोजिमका कार्यक्रमको कार्यान्वयनमा सघाउने तथा आवश्यक सहजीकरण गर्ने,

(ग) आवश्यकतानुसार प्रदेश विपद् व्यवस्थापन कोषको रकम उपलब्ध गराउने,

(घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा स्थानीय तहसँग समन्वय गर्ने।

२९. **जिल्ला विपद् व्यवस्थापन समितिको भूमिका:** यस मापदण्डमा अन्यत्र उल्लिखित भूमिकाको अतिरिक्त यो मापदण्ड कार्यान्वयन गर्ने सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समितिको भूमिका देहायबमोजिम हुनेछः-

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(क) तत्काल सूचना सङ्कलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण गर्न स्थानीय तहलाई सहयोग तथा सहजीकरण गर्ने;

(ख) यस मापदण्डबमोजिम भएको प्रगति विवरण प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र प्राधिकरणलाई पठाउने;

(ग) साझेदार संस्थाहरूसँग आवश्यक समन्वय, काम कारवाहीको सहजीकरण र अनुगमन गर्ने।

३०. **<u>स्थानीय विपद् व्यवस्थापन समितिको भूमिका</u>:** यस मापदण्डमा अन्यत्र उल्लिखित भूमिकाको अतिरिक्त यो मापदण्ड कार्यान्वयन गर्ने सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समितिको भूमिका देहायबमोजिम हुनेछः-

(क) विपद् व्यवस्थापनसम्बन्धी जनचेतना, पूर्व सूचना, लक्षित वर्ग, लाभग्राही दर्ता प्रक्रिया र योग्यताका मापदण्ड र लाभग्राहीले पाउने नगद तथा वस्तुगत सहायतासम्बन्धी प्रावधान र गुनासो सुनुवाइसम्बन्धी प्रावधानबारे प्राधिकरणले तयार गरेको सूचना सामग्रीलाई आवश्यकतानुसार स्थानीयकरण गरी स्थानीय रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, टेलिफोनलगायतका छापा तथा श्रव्य दृश्य माध्यमहरूको प्रयोग गरी प्रचारप्रसार गर्ने;

(ख) खण्ड (क) बमोजिमको सूचना प्रवाह गर्दा आर्थिक रूपले विपन्न तथा सङ्कटासन्न व्यक्ति रहेको परिवार समेटिएको सुनिश्चित गर्ने;

(ग) विपद् व्यवस्थापनका विभिन्न चरणमा स्थानीय स्तरमा कार्यरत साझेदार संस्थाहरूलाई समन्वयात्मक रूपमा परिचालन गर्ने र यसरी कार्य सम्पादन गर्दा सहायता वितरणमा दोहोरोपना नभएको सुनिश्चत गर्ने;

(घ) प्रभावितको तथ्याङ्क लिने, प्रशोधन गर्ने र निर्धारित ढाँचाबमोजिम प्राथमिकीकरण गर्ने, गराउने र स्वीकृत गर्ने;

(ङ) प्रभावितले पाउने नगद, कामको लागि नगद तथा वस्तुगत सहायताको लगत तयार गर्ने;

(च) लाभग्राहीको तथ्याङ्क विपद्को सूचना प्रणालीमा प्रविष्ट गर्ने, गराउने;

(छ) यस मापदण्डबमोजिम उपलब्ध गराइने रकम बैङ्कमार्फत भुक्तानीमा सहजीकरण गर्ने;

(ज) यस मापदण्डबमोजिम उपलब्ध गराइने सहायता कार्यक्रमको सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने;

(झ) यस मापदण्ड बमोजिम भएको प्रगति विवरण जिल्ला विपद् व्यवस्थापन समितिलाई पठाउने।

## परिच्छेद-६
## <u>विविध</u>

३१. **<u>स्रोत परिचालन र खर्च</u>:** यस मापदण्डबमोजिमको स्रोतको माग, परिचालन र खर्च विपद् व्यवस्थापन कोष सञ्चालनसम्बन्धी कार्यविधिबमोजिम गरिनेछ।

३२. **<u>दोहोरो नपर्ने गरी सहायता दिने</u>:** (१) सङ्घ, प्रदेश तथा स्थानीय तहका सरकारी निकाय वा कुनै पनि सङ्घ संस्थाबाट सङ्कटासन्न व्यक्ति रहेको घर परिवारलाई लक्षित गरी सञ्चालित कृषि

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

बिमा, सामुहिक घर बिमालगायतका बिमाबाट सहायता प्राप्त गरेका घर परिवारलाई यस मापदण्डबमोजिमको राहत प्रदान गर्दा त्यस्तो बिमाबापत प्राप्त हुने सुविधासँग दोहोरो नपर्ने गरी प्रदान गरिनेछ।

(२) साझेदार संस्थाले विपद् प्रभावितलाई सहायता गर्दा प्रधिकरणको समन्वयमा स्थानीय तहको मागको आधारमा आर्थिक तथा प्राविधिक सहायता गर्नु पर्नेछ र यसरी सहायता गर्दा यस मापदण्डबमोजिम प्रदान गरिएको राहतमा दोहोरो नपर्ने गरी गर्नु पर्नेछ।

३३. **व्यक्तिगत विवरणको सुरक्षा तथा गोपनीयता कायम गर्नु पर्ने:** (१) प्राधिकरण, जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिले विपद्को सूचना प्रणालीमा भएको व्यक्तिगत विवरणको सुरक्षा तथा गोपनीयता कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस मापदण्डबमोजिम प्रदान गरिएको राहतसम्बन्धी सूचना उपलब्ध गराउन बाधा पर्नेछैन।

३४. **अनुगमन तथा मूल्याङ्कन:** (१) यस मापदण्डअन्तर्गतका सबै काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन नेपाल सरकारको गृह मन्त्रालय, प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले गर्नु पर्नेछ।

